# झिमरुक गाउँपालिका

# नीति तथा कार्यक्रम, २०७५

झिमरुक गाउँपालिका

# झिमरुक गाउँपालिकाका अध्यक्ष श्री तिलक बहादुर जि.सी.ले मिति २०७५/३/९ गते झिमरुक गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष ०७५/७६ को झिमरुक गाउँपालिकाको नीति तथा कार्यक्रम

सभाध्यक्षज्यू, सबै सदस्यज्यूहरु

१ स्थानीय तहको गठन भएको दोस्रो वर्षमा झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसि लागेको छ । यस अवसरमा म नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले गरेका विभिन्न आन्दोलनलाई स्मरण गर्न चाहन्छु। लोकतन्त्रको स्थापनार्थ शहिदहरूको त्यागर बलिदानलाई उच्च सम्मन गर्दछु ।

२ संघ, प्रदेश र स्थानीय तीनै तहको निर्वाचन सम्पन्न भइसकेको छ । सक्रमणकालको अन्त्य सँगै सबै प्रकारका भेदभावको अन्त्य गरी आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशिला खडा भएको छ ।

३ प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि, उर्जा पर्यटकीय एवं ऐतिहासिक दृष्टिले उत्कृष्ट रहेको झिमरुक गाउँपालिका साथै यस झिमरुक गाउँपालिकाभित्र कायम रहेको आपसी सदभाव, नैतिकता, उच्च राजनैतिक तथा सामाजिक चेतनाले सकरात्मक उर्जा प्रदान गरेको छ ।

सभाध्यक्षज्यू,

४ यी विशिष्ट परिस्थितिलाई मध्यनजर गरी आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ तथा यी नीति तथा कार्यक्रम तर्जुमा गर्दा झिमरुक सरकारले यस वर्ष कार्यान्वयन गरेका नीति र कार्यक्रमलाई आधार मानिएको छ । बजेट तर्जुमामा पनि सोही अनुरुपको व्यवस्था गरिनेछ ।

५ "हाम्रो झिमरुक राम्रो झिमरुक" भन्ने मूल ध्येय लिइ समग्र झिमरुकको आर्थिक विकासको लागि यस आ.व. मा विनीयोजन भएको बजेट प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको छ । समग्र झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन र सम्पूर्ण जनताको पहुँच पुराउनको लागि हाम्रो विकास नीति समतामुलक हुनेछ । विकासलाई पहुँचका आधारमा नभै आवश्यकताको आधारमा अगाडी बढाइने छ ।

६ महिला, गरिब तथा पिछडी वर्गको उत्थानको लागि विशेष नीति अवलम्बन गरिनेछ ।लक्षित वर्गको आयआर्जन अभिवृद्धि गर्नको लागि विभिन्न सीपमूलक तालिम प्रदान गरिने छ । "विपन्न वर्गको उत्थान, खरको छाना विस्थापन" नीति अनुरुप विपन्न वर्गहरूलाई जस्तापाता वितरण गर्नको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

७ अव म झिमरुक गाउँपालिकाले आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेटका प्राथमिकता निर्धारणका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

८ आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान पुऱ्याउने, सामाजिक न्याय, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

९ कृषिको आधुनिकिरण र व्यवसायिकरणमा उच्च ध्यान दिनेछ । एक वस्ती एक उत्पादन, माटो परीक्षण, कृषिको उत्पादनको आधारमा कृषकहरुलाई प्राविधिक र आर्थिक सहयोग गर्न, कृषि सामाग्री संकलन केन्द्रको व्यवस्थापन जस्ता नीतिहरू अवलम्बन गरिनेछ ।कृषि पकेट क्षेत्र स्थापना गर्नको लागि प्रोत्साहन गरिनेछ । साथै सबै वडाका खेतियोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइने छ । चिस्यान घर स्थापनाका लागि संभाव्यता अध्ययन गरिनेछ ।

१० पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ । स्वस्थ तथा सफा पशुजन्य प्रदार्थ आपूर्तीको लागि प्रेरित गर्ने तथ आवश्यक सहयोग गरिनेछ । पशुनश्ल सुधारको लागि कृत्रिम तथा प्राकत्रिक गर्भधारणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

११ वातावरणमा प्रतिकुल असर नपर्ने तथा बढी भन्दा बढी रोजगारी सृजना हुने र मौलिक बस्तु तथा सामाग्री उत्पादन गर्ने घरेलु उद्योगहरुलाई प्रोत्साहन गरिने नीति लिईनेछ । यसका लागि उक्त प्रकृतिका उद्योगहरुको स्थापना, संचालनर बजार प्रर्वद्धन समेतका लागि सम्भाव्यता अध्ययनको कार्य मा शुरु गरिनेछ ।

१२ यस गाउँपालिका क्षेत्रमा अवस्थित पर्यटकीय क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा रक क्लाइम्बिङ, पिकनिक स्पोर्ट, भ्यूटावर, पैदल मार्गलाई व्यवस्थित, होमस्टे संचालनलाई व्यवस्थिति र विस्तार गर्ने नीति लिईने छ । धार्मिक पर्यटनका को लागि धार्मिक महत्वका सम्बन्धमा आवश्यक क्षेत्रहरु पहिचान गरी प्रचार प्रसार गरी धार्मिक पर्यटनको प्रबद्धन गरिने छ ।ढाँड रक गार्डेनमा आवश्यक संरचना निर्माणको लागि विस्तृत सर्भेक्षण गरिनेछ ।

१३ यस क्षेत्रमा स्थापना भई संचालनमा रहेका सहकारी संस्थाहरुलाई सहकारीको भावना तथा उद्देश्य अनुरुप संचालनका लागि आवश्यक नीति अवलमवन गरिनेछ ।

१४ गाउँपालिका भित्र संचालित वित्तिय संस्थाहरुलाई गाउँपालिकामा दर्ता गराउने, दर्ता शुल्क लिने, बार्षिक कार्यक्रम पेश गर्न लगाउने तथा गाउँपालिका क्षेत्र भित्र शाखाहरु स्थापनाका लागि प्रोत्साहन गर्ने र सामाजिक उत्तरदायित्व वोध गराउन विभिन्न सामाजिक कार्य एवं युवा खेलकुदमा सहभागिता एवं संयुक्त कार्यक्रम आयोजनाको नीति अवलम्बन गरिनेछ ।

१५ यस क्षेत्रमा व्यावसायिक ⁄प्राविधिक शिक्षाको अवधारणा ल्याउन व्यावसायिक विद्यालयको स्थापनका लागि सम्बन्धित पक्ष संगको समन्वय गरिने छ । सामुदायिक विद्यायलको भौतिक संरचना सुधार तथा शैक्षिक गुणस्तरको लागी आवश्यक रकम विनियोजन गरीने छ। गुणस्तरीय पठनपाठनको लागि विद्यालयहरूसँग

कार्यसम्पादन करार गरिनेछ । साथै उत्कृष्ट सिकाइ उपलब्ध हासिल गर्ने विद्यालयलाई विशेष प्रोत्साहन गरिनेछ । संस्थागत विद्यालयहरूलाई आवश्यक नियमन गरिनेछ ।

१६ गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका वडा नं. ३, ४ र ८ मा स्वास्थ्य चौकी स्थापनाको लागि आवश्यक पहल गरिनेछ । ओखरकोट स्वास्थ्य चौकीमा सञ्चालित स्वास्थ्य ल्यावलाई निरन्तरता दिइने छ । निःशुल्क औषधीको लागी प्रर्याप्त वजेटको विनियोजन गरिनेछ । साथै मातृ तथा बालस्वास्थ्य, प्रजजन स्वास्थ्य लगायत आधारभूत स्वास्थ्यको लागि आवश्यक बजेट तथा कार्यक्रमहरूको तर्जुमा गरिनेछ । आयूर्वेदको गाउँघर क्लिनिक संचालन तथा गाउँपालिकास्तरीय विशिष्ट सेवा सहितको स्वास्थ्य शिविर संचालन गर्ने नीति अवलम्वन गरेको छु ।

१७ खानेपानीको श्रोत एवं मुहानहरुको पहिचान गरी संरक्षण, शुद्धताको परीक्षण गरिनेछ। खानेपानी वितरण, विस्तारलाई अघि वढाई यस क्षेत्रमा निर्वाध रुपमा खानेपानीको वितरण हुने व्यवस्था मिलाईने छ। एक घर एक धारा नीतिलाई कार्यान्वयनमा लगिनेछ । यसको लागि नपुग वस्ती तथा घर परिवारमा खानेपानी पाइप वितरण गर्ने नीति अवलम्वन गरिनेछ । बजार क्षेत्रको फोहोर व्यवस्थापनको लागि आगामि वर्षदेखि ल्याण्ड फिल्ड संचालनमा ल्याइनेछ । विभिन्न संघ संस्था, उपभोक्ता समिति, टोल विकास संस्था र निजि क्षेत्रहरुको परिचालन तथा सहकार्यमा सडक, टोल ,सार्वजनिक स्थल एवं नदी सरसफाईको नीति लिइनेछ । जथाभावि फोहोर फ्याक्ने व्यक्ति तथा समुदायको लागि दण्ड तथा जरिवाना गरिनेछ ।

१८ विभिन्न पर्वहरुलाई गौरवका साथ व्यवस्थित रुपमा संचालन, धार्मिक क्षेत्रहरुको मौलिकता तथा ऐतिहाँसिक महत्वको उजागर गरी यस क्षेत्रको संस्कृति प्रर्वद्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारणको नीति लिइने छ । परम्परागत पर्व तथा संस्कृति संरक्षणको लागि आवश्यक व्यवस्था गरिने छ ।

१९ "झिमरुकको शान, लक्षित वर्गको सशक्तिकरण तथा सम्मान" को नीति अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्बन्धित वर्गहरुको समानता एवं उत्थानका लागि सम्मान कार्यक्रम, चेतनामुलक कार्यक्रम, आयमुलक एवं रोजगार मुलक कार्यक्रमहरुको संचालन गरी र सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरु संग साझेदारी गरी कार्य गरिनेछ ।

२० यस गाउँपालिकाभित्रका गौरवका आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरिनेछ । सडक नै विकासको मुल आधार हो भन्ने मान्यतालाई अनुशरण गर्दै मुख्य सडकहरूको स्तरोन्नतीको लागि आवश्यक रकम विनियोजन गरिनेछ । झिमरुक रिङरोड निर्माणको लागि सडक विस्तारलाई तिव्रताका साथ अघि वढाईने छ । जसमा — दहखोला, मर्कावाङ्ग, चिचिण्डे, चँधारा, वाँसटारी, वाङ्गे, वौंडा, पोखरी, विडडाँडा, सौतामारे, वालुवा, चिफ्लेटी, ढाकेडि, नब्वे, भेंडावारी, वेओरे, पिपलनेटा, टिमुरचौर, तुसारा, कुता, कटी चौर, वतासेडाँडा क्षेत्रलाई समेटिने छ ।

२१ गाउँपालिकाभित्र एक बहुउद्देश्यिय भवनको निर्माण गरिनेछ । साथै बालबालिका तथा युवाहरूको लागी आवश्यक खेलकूद संरचनाको निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

२२ गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरु तथा सहरी क्षेत्रको विकास गर्न दक्ष प्राविधिकको सेवा परामर्श लिई कार्ययोजना निर्माण गरिने छ । यस क्षेत्रमा निर्माण हुने घरहरु भवन निर्माण मापदण्ड अनुरुप नक्शा पास गरेर मात्र निर्माण गर्ने कार्यमा अनिवार्यता एवं अनुगमन गरिनेछ ।

२३ गाउँपालिकाभित्र लघु जलविद्युत उत्पादन गर्ने तर्फ कार्य गरिनेछ । बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसंग समन्वय गरी सौर्य सडक बत्ती, सौर्य उर्जालाई समेत प्राथमिकता दिने नीति लिइनेछ ।

२४ यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहज सञ्चार पुऱ्याई सबैको पहुँचमा ईन्टरनेटको सुविधा पुऱ्याउन विभिन्न साझेदारको पहिचान गरी आवश्यक कार्य अगाडी बढाइने छ ।आ.ब. २०७५/७६ भित्र सबै वडा कार्यालयहरूमा इन्टरनेट जडान गर्ने नीति लिइएको छ ।

२५ गाउँपालिका भित्र रहेको सामुदायिक वन संरक्षण गरिनेछ । सडक किनारमा हरियाली प्रवद्र्धन गर्न आवश्यक कार्यको शुरुवात गरिने छ । ठुला परियोजनाको निर्माण बातावरणिय परिक्षण प्रणालीलाई कडाईका साथ अवलम्बन गरिने छ ।भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान दिइनेछ ।

२६ दैवी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने जोखिम व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरूको व्यवस्थापन गरिनेछ । साथै विपद् जोखिम न्यूनिकरण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२७ पदाधिकारीहरू तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था गरिनेछ । सेवाप्रवाहलाई सूचना प्रविधिमैत्री बनाइनेछ । दण्ड र पुरस्कार प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । गाउँपालिकालाई जिवन्त, आत्मनिर्भर र गतिशील संस्थाको रुपमा व्यवस्थित गर्न आवश्यक कदम चालिने छ ।

२८ सेवाग्राही गुनासो व्यवस्थापन गर्न गुनासो व्यवस्थापनका उपाय अवलम्बन गरिने छ ।लेखा प्रणालीलाई वढी विश्वसनीय र सूचनामुखी बनाइने छ । राजश्व अभिबृद्धि गर्ने दिशामा प्रभावकारी कदम चालिने छ । गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गरिने छ।

सभाध्यक्ष महोदय,

२९ प्रस्तुत नीति तथा कार्यक्रम लागू गर्न यस आर्थिक बर्षको लागि जम्मा बजेट ३६,७२,५६,०००.०० (अक्षेरुपी रुपैयाँ छत्तिस करोड बहत्तर लाख छपन्न हजार ) अनुमान गरीएको व्यहोरा समेत सभा समक्ष जानकारी गराउँदछु ।

३० अन्त्यमा समृद्ध र समन्यायिक झिमरुक निर्माण गर्न सहयोग पुऱ्याउने सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरू, नीजि क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण झिमरुकवासिहरूका साथै झिमरुकको विकासको लागि चिन्तनमनन गर्दै हातेमालो गर्ने सबै व्यक्ति, संघसंस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

जय नेपाल, जय झिमरुक

धन्यवाद।